नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

आज मिति २०७७।८।१६ गतेका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री ध्रुव गिरीको अध्यक्षतामा देहायको पदाधिकारी, सदस्य एवं महानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**आमन्त्रित:**

प्रमुख श्री यज्ञ प्रसाद घले - जिल्ला समन्वय समिति, मनाङ

**उपस्थित:**

| दस्तखत | पद | नामथर | दर्जा | कार्यालय |
|---|---|---|---|---|
| | अध्यक्ष | श्री ध्रुव गिरी | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय मनाङ |
| | सदस्य | श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष | चामे गाउँपालिका मनाङ |
| | सदस्य | श्री चन्द्र घले | अध्यक्ष | नार्सो गाउँपालिका मनाङ |
| | सदस्य | श्री शोभाखर रेग्मी | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय मनाङ |
| | सदस्य | श्री सुर्य प्रसाद आचार्य | स.प्र.ना.उ. | पर्वतिय उद्धार तालिम शिक्षालय, मनाङ |
| | सदस्य | श्री हेमकाजी गुरुङ | प्र.अ.अ. | रा.अ.जि.का. मनाङ |
| | सदस्य | श्री दिपक ढकाल | प्र.प्र.अ. | मनाङ ङिस्याङ गाउँपालिका |
| | सदस्य | श्री सजल देवकोटा | सह - सेनानी | रणदल गुल्म मनाङ |
| | सदस्य | श्री अर्जुनध्वज अधिकारी | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय मनाङ |
| | सदस्य | श्री देवराज मल्ल | स.प्र.नि. | स.प्र.ब. नं.३२ गुल्म चामे |
| | सदस्य | श्री यज्ञ प्रसाद लामिछाने | प्रतिनिधि | नार्पा भूमि गाउँपालिका मनाङ |
| | सदस्य | श्री विष्णु प्रसाद अधिकारी | प्रमुख वा प्रतिनिधि | डिभिजन वन कार्यालय, मनाङ |
| | सदस्य | श्री रामाधार राय यादब | प्रमुख वा प्रतिनिधि | स्वास्थ्य सम्बन्धी हेर्ने जिल्ला स्थित कार्यालय प्रमुख वा प्रतिनिधि |
| | सदस्य | श्री इन्द्रराज पोखेल | प्रमुख वा प्रतिनिधि | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाल कम्युनिष्ट पार्टी(नेकपा) |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाली काँग्रेस मनाङ |
| | सदस्य | श्री विनोद लामा | प्रमुख वा प्रतिनिधि | नेपाल रेडक्रस सोसाइटी |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | गैरसरकारी महासंघ मनाङ |
| | सदस्य | श्री | प्रमुख वा प्रतिनिधि | नेपाल पत्रकार महासंघ मनाङ शाखा |
| | सदस्य | श्री सन्तोष कुमार श्रेष्ठ | प्रमुख वा प्रतिनिधि | उद्योग वाणिज्य महासंघ मनाङ शाखा |
| | सदस्य | श्री मिलन सुवेदी | प्रमुख वा प्रतिनिधि | नेपाल विद्युत प्राधिकरण मनाङ शाखा |
| | सदस्य | श्री रामचन्द्र खनाल | प्रमुख वा प्रतिनिधि | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. |
| | सदस्य | श्री ङिमा ङिटु लामा | प्रमुख वा प्रतिनिधि | नेपाल टेलिकम |
| | सदस्य | श्री बाबु लाल तिरुवा | प्रमुख वा प्रतिनिधि | अन्नपूर्ण संरक्षण आयोजना, मनाङ |
| | | लेखनाथ गौतम | प्रमुख वा प्रतिनिधि | अन्नपूर्ण संरक्षण आयोजना |
| | सदस्य सचिव | श्री शारदा चालिसे | प्र.जि.अ.ले तोकेको कर्मचारी | जिल्ला प्रशासन कार्यालय |

**कार्यसूची**

१. हिमपातबाट हुने विपद् जोखिमको पूर्वतयारी र प्रतिकार्य

२. कोभिड-१९ को रोकथाम र नियन्त्रण

३. विविध

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

**निर्णयहरुः-**

१. यस वर्षको हिमपात हुने समय आएकाले अन्य विपद्का साथै हिमपातबाट हुने विपद् जोखिमको पूर्वतयारी र प्रतिकार्यका लागि निम्नानुसार गर्ने गराउने ।

क) हिमपात पूर्वतयारीका लागि अद्यावधिक प्रतिकार्य योजना अनुरुप सवै जिम्मेवार सरोकारवालाहरु प्रतिकार्यमा जुट्ने ।
ख) गत वर्ष जिल्लाका सुरक्षा निकायलाई प्रदान गरिएका खोज उद्धार सामग्री सहित सुरक्षा निकाय सजगताका साथ प्रतिकार्यका लागि तम्तयार रहने । स्थानीय स्तरका सुरक्षा इकाईहरुलाई आवश्यक थप खोज उद्धार सामग्री उपलब्ध गराई प्रतिकार्यका लागि पूर्वतयारी गर्न सबै स्थानीय विपद् व्यवस्थापन समिति/ गाउँपालिकाहरुलाई अनुरोध गरी पठाउने ।
ग) विपद्का घट्ना भई स्वास्थ्य, खानेपानी, विद्युत, टेलिफोन जस्ता आधारभुत र अत्यावश्यक सेवा अवरुद्ध हुन गएमा सम्वद्ध निकायले तत्काल सरोकार सबैलाई सूचना गरी सहयोग आवश्यक भए सोको लागि समन्वय गरेर सेवा सुचारु गर्न शिघ्र पहल गर्ने र त्यस प्रकारको अवस्थामा प्राथमिकतापूर्वक सबैले सहकार्य गरी प्रतिकार्यमा जुट्ने ।
घ) नेपाल रेडक्रस सोसाइटी र मनाङ ङिस्याङ गा.पा. ले मौजुदा एम्बुलेन्स तयारी हालमा राखे ।
ङ) गाउँपालिका र निर्माणव्यवसायीहरुसँग रहेका जे.सि.भि./डोजर लगायतका सामग्री आवश्यकताका बखत प्रयोग गर्ने गरी समन्वय र सहयोग गर्न सबै पालिकाले पूर्व सूचना र समन्वय गर्न गराउन अनुरोध गर्ने ।

२.कोरोना भाईरस महामारी सम्वन्धमा हाल जिल्ला शुन्य संक्रमित रहेको भएतापनि संक्रमणको जोखिम अझै कायमै रहेकाले विगतका सर्वपक्षिय र जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र- DCCMC का निर्णयका साथै नेपाल सरकारबाट जारी कार्यविधि, मापदण्ड र निर्देशानुसार रोकथाम र नियन्त्रणामा सबै सहकार्यात्मक ढंगले जुट्ने । चामे बाहेक गाउँपालिकाहरुले तोकीएको ५ वेडको कोभिड अस्थायी अस्पतालहरु व्यवस्थित गरी आइसोलेसन प्रभावकारी गर्न गराउन अनुरोध गर्ने र जिल्ला अस्पतालसँग समन्वय गरी चामे गाउँपालिकाले आवश्यकता अनुसार गर्न गराउन अनुरोध गर्ने ।

३. जिल्लामा विपद् व्यवस्थापनका लागि निम्नानुसार विविध कार्य गर्ने गराउने ।
क) विपद्का बखत जिल्ला स्थानीय तह, प्रदेश र संघीय निकायहरुसँग आवश्यकतानुसार यथासमयमा समन्वय गर्ने ।
ख) पूर्वतयारी र प्रतिकार्यका लागि सबै पालिकाले समय समयमा प्राथमिकताका साथ स्थानीय विपद् व्यवस्थापन समितिको बैठक गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा पर्याप्त रकम मौज्दातको व्यवस्था गर्न, जिम्मेवार कर्मचारीलाई विपद् सम्पर्क विन्दु(Focal Person) तोक्न अनुरोध गरी पठाउने ।
ग) ठुला विपद्का घटनाको प्रतिकार्य गर्न आवश्यकतानुसार प्रदेश र संघीय सरकार र जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीय सांसदज्यूहरु लगायतसँग समन्वय गरी अनुरोध गर्ने । त्यस अवस्थामा राजनीतिक दलहरुले पनि आ-आफ्ना पार्टी पंक्तिको परिचालन गर्न गराउन अनुरोध गर्ने ।
घ) बाढी पहिरो, आगलागी, हिमपहिरो आदि विपद्जन्य प्रकोपको प्रतिकार्यका लागी सबै स्थानीय तहहरुले जनचेतनामूलक र प्रवर्धनात्मक कार्यहरुलाई पनि पूर्वतयारी जसरी प्राथमिकता दिई निरन्तर कार्यक्रम सञ्चालन गर्ने गराउन अनुरोध गर्ने ।
ङ) कोभड-१९ र अन्य स्वास्थ्योपचारमा समेत प्रयोग गर्ने गरी स्थापना भई सञ्चालन भएका/हुने ५ शैयाका आधारभूत अस्पतालको दिगो र प्रभावकारी व्यवस्थापनमा जोड दिन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
च) हिमपातका कारण हुने बाटोको अवरोध हटाई सुचारु गर्न चामे गाउँपालिका क्षेत्रमा डोजर Stand by राखी रहन डुम्रे-वेशीशहर-चामे सडक आयोजनालाई अनुरोध गरी पठाउने ।

प्रमुख जिल्ला अधिकारी